EDUCATION LAW CENTER | FACT SHEET

# विशेष शिक्षा मूल्याङ्कन

अगस्ट 2024

**विशेष शिक्षाको लागि योग्य हुने 3 वर्ष देखि 22 औं जन्मदिन[1] सम्मका बालबालिकाहरूले कानून अनुसार महत्त्वपूर्ण अधिकार तथा संरक्षणहरू प्राप्त गरेका हुन्छन्। कुनैपनि बच्चाले विशेष शिक्षा सेवाहरू पाउनका लागि, बच्चाहरू उक्त सेवाहरूको लागि योग्य छन् वा छैनन् भनेर पत्ता लगाउन उनीहरूको मूल्याङ्कन गरिएको हुनुपर्छ। सो मूल्याङ्कनद्वारा बच्चामा कुनै असक्षमता छ वा छैन, असक्षमताको कुन प्रकारको छ, साथै बच्चाको विशेष शिक्षा सेवाहरूको आवश्यकताबारे जान्न सकिन्छ। पुन: मूल्याङ्कन बच्चालाई सफलता हासिल गर्न सक्षम बनाउने पठनपाठन, सेवा र सहयोगहरूमा आवश्यक पर्ने हेरफेरहरूको पहिचान गर्न पनि महत्त्वपूर्ण हुनेछ।**

## विशेष शिक्षा मूल्याङ्कनमा जातीय भेदभाव

अनुसन्धान तथा नीतिहरूमा उल्लेख भए अनुसार ब्ल्याक तथा ब्राउन विद्यार्थीहरूलाई पहिचान, सिफारिस तथा सामयिक मूल्याङ्कनहरू पूरा गर्नमा असफलता लगायतका विशेष शिक्षा मूल्याङ्कन प्रक्रियाद्वारा खास क्षति पुगेको छ।[2] शैक्षिक तथा अन्य संस्थाहरूमा प्रणालीगत जातीगत अन्याय र भेदभावको कारणले, ब्ल्याक र ब्राउन विद्यार्थीहरूलाई विशेष शिक्षाको लागि भावनात्मक असक्षमताहरू जस्ता असक्षमताका कुनै खास वर्गहरूको हकमा *अधिक पहिचान* [3] गरिएको, तथा विशेष शिक्षाको लागि सिकाइ असक्षमता र अटिजम जस्ता असक्षमताका कुनै अन्य वर्गहरूको हकमा भने *निम्न पहिचान*[4] गरिएको देखिन्छन्।[5] संरचनात्मक जातिवादको अर्को परिणाम स्वरूप ब्ल्याक र ब्राउन विद्यार्थीहरूले प्रारम्भिक बाल्यावस्थामा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने सम्भावना थोरै रहन्छ, जसको फलस्वरूप अटिजम जस्ता असक्षमताको प्रारम्भिक पहिचान हुने साथै विशेष शिक्षाको आवश्यकतामा कमी ल्याउने सेवाहरू प्राप्त गर्ने दुवै अवसरहरूमा कमी आउने गर्दछ।[6] यसका अतिरिक्त, पेन्सिल्भेनियाका ब्ल्याक र ब्राउन विद्यार्थीहरू शिक्षित हुने सम्भावना पर्याप्त कोषको निकै अभाव रहेको स्कूलहरूमा धेरै रहन्छ,[7] जहाँ विद्यार्थीहरूले स्कूलमा भोग्ने वृहत शैक्षिक र सामाजिक अवरोधहरूको कारण, आंशिक रूपमा, उनीहरूलाई मूल्याङ्कनका लागि पठाइने सम्भावना कम रहन्छ।[8]

विशेष शिक्षा प्रक्रियामा उपस्थित प्रणालीगत जातिवाद र व्यक्तिगत जाति आधारित पूर्वाग्रहद्वारा ब्ल्याक र ब्राउन विद्यार्थीहरूमा दीर्घकालीन शैक्षिक एवं जीवन परिणामहरू उत्पन्न भएका छन्। उचित समयमा मूल्याङ्कन नगरिएका अथवा उचित असक्षमताको पहिचान नगरिएका विद्यार्थीहरूले उनीहरूको हक अनुसार पाउने आवश्यक शैक्षिक सेवाहरू – अर्थात उनीहरूलाई शैक्षिक सफलताको लागि चाहिने सेवाहरू प्राप्त गर्न नपाउने हुन सक्छन्।[9] यसका अतिरिक्त, असक्षमता नभएका तर गलत पहिचान गरिएका विद्यार्थीहरूलाई कुनै उपचारात्मक वा राज्यको मापदण्डहरू अनुसार उनीहरूलाई तयार नगर्ने अन्य कार्यक्रममा जोड्न सकिन्छ, जसले अन्ततः उनीहरूको रोजगार र आर्थित स्थायित्वका अवसरहरूमा कमी ल्याउँछ।[10] यसै सन्दर्भको मध्यनजर, विशेष शिक्षा मूल्याङ्कनका सम्बन्धमा ब्ल्याक र ब्राउन

विद्यार्थीहरूले यसै तथ्य पत्रमा उल्लेख गरिएका, साथै संघीय र राज्य कानूनमा निर्दिष्ट गरिएका सम्पूर्ण अधिकार र संरक्षणहरू प्राप्त गर्नु अत्यन्त जरूरी हुन्छ।

## प्रारम्भिक मूल्याङ्कन

### मैले मूल्याङ्कनको लागि कसरी अनुरोध गर्नु?

यदि तपाईंको विचारमा आफ्नो बच्चालाई विशेष शिक्षा सेवाहरूको खाँचो छ भन्ने लागेमा, तपाईंले निम्न अनुसार चरणहरू पूरा गर्दै मूल्याङ्कनका लागि अनुरोध गर्न सक्नुहुन्छ:

- आफ्नो बच्चाको मूल्याङ्कन गराउने अनुरोध गर्दै एउटा इमेल वा पत्र लेख्नुहोस्;
- यसमा मिति, बच्चाको पूरा नाम, आफ्नो नाम, बच्चालाई किन मूल्याङ्कन गर्नु सो कारणहरू, र आफ्नो सम्पर्क विवरण दिनुहोस्;
- उक्त इमेल वा पत्र बच्चाको शिक्षक, विशेष शिक्षा निर्देशक, प्रधानाध्यापक, अधिक्षक वा सल्लाहकारलाई पठाउनुहोस्। तपाईंले इमेल गर्दा उक्त सबै व्यक्तिहरूलाई प्रतिलिपि पठाउन पनि सक्नुहुन्छ;
- इमेल वा पत्रको प्रतिलिपि आफूसँग पनि सुरक्षित राख्नुहोस्। **यो पत्राचारको मिति महत्त्वपूर्ण हुन्छ।**

*नोट:* तपाईंले यो मूल्याङ्कन अनुरोध फाराम भर्न सक्नुहुन्छ। यसलाई इमेल, हुलाक वाहकबाट पठाउन, वा हातैले डेलिभर गर्न सकिन्छ।

### मैले मूल्याङ्कनका लागि अनुरोध गरेपछि के के हुन्छ?

तपाईंले पत्र वा इमेल पठाएपछि, विद्यालयले **मूल्याङ्कन गर्ने अनुमति (PTE) - सहमति फारम** उपलब्ध गराउनुपर्छ र तपाईंको हस्ताक्षरका लागि यसलाई "तुरुन्तै उपलब्ध" गर्नुपर्छ।[11] यस फारमको नमूना प्रतिलिपिको लागि यहाँ क्लिक गर्नुहोस्। यस फारममा मूल्याङ्कन गर्नुपर्ने कारणहरू, स्कूलद्वारा प्रयोग गरिने कुनैपनि विवरण अथवा प्रतिवेदनहरू, साथै स्कूलले गर्ने परीक्षणका प्रकारहरूबारे बताइएको हुनेछ। **यदि 10 दिन भित्र PTE-सहमति फारम पाउनुभएको छैन भने स्कूलमा सोध्नुहोस्।**[12] **तपाईंले PTE-सहमति फारममा हस्ताक्षर गरेपछि मात्र स्कूलले मूल्याङ्कनको सुरूवात गर्न सक्छ।**[13]

कुनै शिक्षक वा व्यवस्थापकसँग कुरा गरेर पनि तपाईंले मूल्याङ्कनको अनुरोध गर्न सक्नुहुन्छ। राज्यको कानून अनुसार, स्कूलले 10 दिन भित्र तपाईंलाई PTE-सहमति फारम उपलब्ध गराउनु पर्छ।[14] यद्यपि, हामी तपाईंलाई **मूल्याङ्कनको अनुरोध लिखित रूपमा** गर्नुहोस् भन्ने सुझाव दिन्छौं जसले गर्दा तपाईंसँग मूल्याङ्कनको अनुरोध गरेको मितिको रेकर्ड रहनेछ।

प्रारम्भिक मूल्याङ्कनको PTE-सहमति फारमसँग सदा तपाईंको अधिकारको व्याख्या गर्ने प्रक्रियात्मक सुरक्षाको सूचना संलग्न गरिएको हुनुपर्दछ। प्रक्रियात्मक सुरक्षाको सूचनाको नमूनाको लागि यहाँ क्लिक गर्नुहोस्।

यदि तपाईंको स्कूलले PTE-सहमति फारम दिन नमानेमा, तपाईंले स्कूलद्वारा PTE-सहमति फारम प्रदान गर्न अस्वीकार गरिएको कारण माग्नुपर्छ। स्कूललाई सिफारिस गरिएको शैक्षिक स्थापनाको सूचना वा पूर्व लिखित सूचना (NOREP/PWN) फारम माग्नुहोस् जसमा स्कूलद्वारा मूल्याङ्कन गर्ने अनुमति फारम दिन साथै अनुरोध गरिएको मूल्याङ्कन गर्न अस्वीकार गरिएको कारणहरू बताइएको हुनु पर्नेछ। **आफ्नो बच्चाको मूल्याङ्कन गर्न अस्वीकार गरिएमा तपाईंसँग यसलाई चुनौती दिने अधिकार हुनेछ।**

### के मेरो बच्चाको मूल्याङ्कनको अनुरोध अरू कसैले गर्न सक्छन्?

सक्छन्। यदि स्कूलका कर्मचारीहरूलाई तपाईंको बच्चालाई विशेष शिक्षा सेवाहरूको खाँचो पर्न सक्छ भन्ने लागेमा स्कूलद्वारा तपाईंको बच्चाको मूल्याङ्कन गर्ने अनुरोध गर्न सकिन्छ। स्कूलसँग सेवा आवश्यक हुन सक्ने बालबालिकाको पहिचान गर्ने दायित्व रहन्छ। यस कार्यलाई "बाल खोज" भनिन्छ।[15]स्कूलले आफ्ना बालबालिकाले विशेष शिक्षा पाउने अधिकार साथै यस प्रक्रियामा अभिभावकको महत्त्वपूर्ण भूमिकाबारे परिवारहरूले बुझेका छन् भन्ने पनि सुनिश्चित गर्नुपर्दछ।[16]यदि स्कूलले तपाईंको बच्चाको मूल्याङ्कन गर्न चाहेको प्रथम पटक हो भने, उनीहरूले तपाईंलाई एउटा PTE-सहमति फाराम पठाउनु पर्नेछ।[17]

### यदि मैले स्कूलद्वारा आफ्नो बच्चाको मूल्याङ्कन गराउन नचाहेमा के हुन्छ?

सामान्यतया, आफ्नो बच्चाको मूल्याङ्कन गर्ने वा नगर्ने तपाईंकै निर्णय हुनेछ।[18]कुनै कुनै विशेष परिस्थितिहरूमा भने स्कूलले अभिभावकको इच्छा विपरीत बच्चाको मूल्याङ्कन गर्न सक्छन्।[19] यदि स्कूलले यसो गर्न चाहेमा, स्कूलले एउटा सुनुवाइको अनुरोध गर्नुपर्छ र सुनुवाइ अधिकृतको अनुमति प्राप्त गर्नुपर्छ।[20]यसका अतिरिक्त, यदि तपाईंको बच्चा बाल तथा युवा प्रणालीको निगरानीमा छ भने तपाईंले यो निर्णय गर्ने अधिकार नपाउन पनि सक्नुहुन्छ। उक्त स्थितिमा, पारिवारिक अदालतको न्यायाधीशले प्रारम्भिक मूल्याङ्कनमा सहमत हुने अधिकार अन्य कसैलाई दिन सक्छन्।[21]

**नोट: मूल्याङ्कनमा सहमत हुनु र विशेष शिक्षा सेवाहरूमा सहमत हुनु एउटै कुरा होइन।** सेवाहरू थाल्नु भन्दा पहिला एउटा IEP तयार गरेको हुनुपर्छ। यदि IEP लाई तपाईंले स्वीकृति दिनुभएन भने, स्कूलले विशेष शिक्षा सेवाहरू चालु गर्न सक्दैन।[22]

### यदि स्कूलले मेरो बच्चाको मूल्याङ्कन गर्न मानेन भने के हुन्छ?

स्कूलले तपाईंलाई लिखित सूचना - NOREP/PWN - दिनु पर्छ जसमा बच्चाको परीक्षण नगरेको निर्णय वा विशेष शिक्षाको लागि तपाईंको बच्चा योग्य नभएको निर्णयको कारण बताइएको हुन्छ।[23] यदि यस्तो भएमा, तपाईंले मध्यस्थताको माग गरेर, विशेष शिक्षा ब्यूरोमा उजुर गरेर, अथवा विशेष शिक्षाको उचित प्रक्रिया सुनुवाइको अनुरोध गरेर निर्णयको विरोध गर्न सक्नुहुन्छ। तपाईंले उक्त चरणहरूबारे थप जानकारी ELC को विशेष शिक्षा असहमतिहरूको समाधान तथ्य पत्रमा पाउन सक्नुहुन्छ। यदि स्कूलद्वारा मूल्याङ्कन[24] वा पुन: मूल्याङ्कन गराउने 60-दिनको समयसीमा[25] लगायतका प्रस्ट नियमको उल्लङ्घन गरिएको भएमा, तपाईंले पेन्सलभेनिया शिक्षा विभागको विशेष शिक्षा ब्यूरो (BSE) मा उजुर गर्न सक्नुहुन्छ।[26] उजुर कसरी गर्ने भनेर थप जान्नका लागि यहाँ क्लिक गर्नुहोस्।

यदि मूल्याङ्कन पूरा गरिसकेपछि तपाईंको बच्चा विशेष शिक्षा सेवाहरूका लागि योग्य भएको, तर स्कूलले मूल्याङ्कन

नगरेको वा अनिवार्य 60-दिनको अवधि भित्र मूल्याङ्कन पूरा नगरेको कारणले बच्चाले उक्त सेवाहरू प्राप्त गर्न पर्खनु परेको भएमा, तपाईंको बच्चाले नि:शुल्क, उपयुक्त सार्वजनिक शिक्षा प्राप्त गर्न नपाएको प्रत्येक दिनको प्रत्येक घण्टा वापत क्षतिपूर्ति शिक्षा सेवाहरू (परिपूर्ति सेवाहरू) को लागि अनुरोध गर्नुपर्छ।[27] यी सेवाहरूको उद्देश्य भनेको तपाईंको बच्चाले पाउन नसकेको विशेष शिक्षा सेवाहरूको कमी पूर्ति गर्नु अथवा समयको क्षतिपूर्ति दिनु हो।[28]

### मैले मूल्याङ्कनका लागि सहमति फारम बुझाएर स्कूलले मूल्याङ्कन गराउन सहमत भएपछि के के हुन्छ?

संघीय र राज्यको कानून अन्तर्गत मूल्याङ्कन गर्दा पालन गर्नुपर्ने प्रक्रियालाई आउने पृष्ठको चित्रमा देखाइएको छ।

अभिभावकले मूल्याङ्कनका लागि सहमतिमा हस्ताक्षर गर्छन्

## मूल्याङ्कन सुरू हुन्छ*

"योग्य पेशेवर व्यक्तिहरू," जस अन्तर्गत स्कूलका मनोवैज्ञानिक, वाक विशेषज्ञ, शिक्षक वा विशेषज्ञहरू पर्छन्, उनीहरूद्वारा बच्चाको परीक्षण र उसको बारेमा जानकारी सङ्कलन गर्न थालिन्छ।

- शैक्षिक परीक्षण
- **क्षमता परीक्षण**
- **भाषा परीक्षण**
- **मांसपेशी सीप परीक्षण**
- **सामाजिक सीप परीक्षण**
- **बाह्य स्रोतहरू**
- **अभिभावकको राय**
- **शिक्षकको राय**

## मूल्याङ्कन प्रतिवेदन (ER)

सहमति लिएको 60 दिन भित्र, विद्यालयले तपाईंलाई एउटा ER दिनु पर्छ, जसमा मूल्याङ्कनका परिणामहरूका साथै तपाईंको बच्चाको लागि सिफारिसहरू गरिएका हुन्छन्। ER मा विशेष शिक्षाको लागि तपाईंको बच्चा योग्य छ वा छैन भनेर बताइएको हुनेछ।

## व्यक्तीकृत शिक्षा कार्यक्रम (IEP) बैठक

यदि विशेष शिक्षाको लागि तपाईंको बच्चा योग्य भएमा, ER दिइएको 30 दिन भित्र स्कूलले बच्चाको शिक्षाको लागि एउटा वार्षिक योजना अर्थात एउटा IEP तयार गर्नुपर्छ। ER को प्रयोग गर्दै IEP तयार गरिनुपर्छ। अभिभावकहरू यस प्रक्रियाको एउटा महत्वपूर्ण अङ्ग हुन् र कुनैपनि विशेष शिक्षा सेवाहरू सुरु गर्न उनीहरूको सहमति लिएको हुनुपर्दछ। तपाईंले कुनै कुनै सेवाहरूमा सहमत हुन र कुनैमा सहमत नहुन पनि सक्नुहुन्छ। सहमति भएको 10 दिन भित्र IEP लागू हुनेछ।

** यो मूल्याङ्कन बच्चाको मातृभाषा वा सञ्चारको अन्य माध्यममा गरिएको हुनुपर्छ "यसो गर्न स्पष्ट तवरमा सम्भव नभएसम्म..." 23 CFR 300.304 (c)(ii).*

### मूल्याङ्कन टोलीले मेरो बच्चाको IEP हुनेछ वा हुँदैन भनेर कसरी निर्धारण गर्छ?

मूल्याङ्कन टोलीले दुईवटा प्रश्नको जवाफ दिनेछन्:

1. *के तपाईंको बच्चाको कुनै असक्षमता छ?*

कानून अनुसार कुनैपनि बच्चा विशेष शिक्षा सेवाहरूको लागि योग्य हुनलाई 13 वटा विभिन्न प्रकारका असक्षमताहरूको सूची दिइएको छ।[29] कुनैपनि असक्षमता (जस्तै ADHD) को चिकित्सकीय निदानद्वारा बच्चा स्वतः विशेष शिक्षाको लागि योग्य हुँदैन। यदि कुनै बच्चाको सिकाइ समस्या असक्षमता बाहेक अन्य कुनै कारणले भएको हो भने उक्त बच्चा विशेष शिक्षाको लागि योग्य हुन सक्दैन। उदाहरणका लागि, पठन वा गणितमा राम्रो पढाइ नभएको कारणले कुनै बच्चालाई गाह्रो भइरहेको हुन सक्छ।[30]

2. *उक्त असक्षमताको फलस्वरूप, के तपाईंको बच्चालाई विशेष तवरमा तयार गरिएको पठनपाठन र सम्बन्धित सेवाहरू आवश्यक छ?*

असक्षमताको कारणले तपाईंको बच्चालाई "विशेष तवरमा तयार गरिएको पठनपाठन" (SDI) - अर्थात् सामान्य पाठ्यक्रम भित्र नपर्ने पठनपाठन - आवश्यक पर्छ वा पर्दैन भनेर मूल्याङ्कन टोलीले विचार गर्नेछ। बच्चाले के कुरा सिक्न जरूरी छ र बच्चालाई सामान्य पाठ्यक्रमको भाग नभएको कुन परिवर्तनहरूले उसलाई सिक्नमा सहायता गर्दछ भनेर तपाईंले विचार गर्नु पर्छ।

यदि माथिका दुवै प्रश्नहरूको जवाफ हो भएमा, बच्चा विशेष शिक्षा र IEP को लागी योग्य हुनेछ।

### के मूल्याङ्कनलाई 60-दिनको समयसीमा भन्दा पहिला नै पूरा गर्न सकिन्छ?

सकिन्छ। विशेष शिक्षा सम्बन्धी एउटा प्रमुख कानून, असक्षम व्यक्ति शिक्षा ऐन (IDEA) अन्तर्गत, विशेष शिक्षाका लागि योग्य हुने असक्षमता भएको आशंका गरिएका सबै विद्यार्थीहरूलाई हस्ताक्षरित मूल्याङ्कन गर्ने अनुमति (PTE) अथवा पुनः मूल्याङ्कन गर्ने अनुमति (PTRE) प्राप्त गरेको 60 दिनभित्र मूल्याङ्कन वा पुन: मूल्याङ्कन गरिनुपर्छ। मूल्याङ्कनहरू 60-दिनको समयसीमा भन्दा पहिला नै पूरा गर्न सकिन्छ, तर यो अनिवार्य छैन।

### के घरविहीन भएका, फोस्टर केयर वा बाल न्यायको देखरेखमा रहेका विद्यार्थीहरूलाई चाँडो मूल्याङ्कन गर्न सकिन्छ?

सकिन्छ। घरविहीन भएका वा बाल कल्याण वा बाल न्याय प्रणालीमा परेका विद्यार्थीहरूलाई "हाइली मोबाइल" मानिन्छ र उनीहरूको हकमा द्रुत मूल्याङ्कन वा पुन: मूल्याङ्कन गर्न सकिन्छ। संयुक्त राज्य शिक्षा विभागको विशेष शिक्षा एवं पुनर्स्थापना सेवा कार्यालयको निर्देश अनुसार उक्त मूल्याङ्कनहरू **60 दिनको साटो 30 दिनभित्र** पूरा गरिन्छ।[31] बारम्बार यताउता सर्ने भएको कारणले प्रायः अवरूद्ध हुनसक्ने आवश्यक मूल्याङ्कन र उचित सेवाहरू प्राप्त गर्न सक्ने सुनिश्चित गर्नको लागि सबै "हाइली मोबाइल" विद्यार्थीहरूको द्रुत गतिमा मूल्याङ्कन गर्नु राम्रो उपाय हुन्छ।[32]

सामयिक मूल्याङ्कन सम्बन्धी विद्यार्थीहरूको अधिकारको बारेमा थप जानकारीका लागि, यो तथ्य पत्रको समीक्षा गर्नुहोस्, साथै विशेष शिक्षा सम्बन्धी विद्यार्थीहरूको अधिकारको बारेमा थप जानकारीका लागि, पेन्सलभेनियामा विशेष शिक्षाको अधिकार सम्बन्धी अभिभावक र अधिवक्ताहरूका लागि ELC को मार्ग-निर्देशिका हेर्नुहोस्।

### विशेष शिक्षा मूल्याङ्कनहरूका बारेमा महत्त्वपूर्ण कुराहरू

यदि तपाईं आफ्नो बच्चाको मूल्याङ्कन गराउन खोज्दै हुनुहुन्छ भने तपाईंले जान्नुपर्ने धेरैवटा महत्त्वपूर्ण कुराहरू छन्:

- तपाईंको बच्चालाई मूल्याङ्कनका लागि प्रतीक्षा सूचीमा राखिएको छ भनेर स्कूलले तपाईंलाई भन्न सक्दैन। समयसीमाहरू अनिवार्य हुन्छन्। तपाईंले मूल्याङ्कनको अनुरोध गरेपछि, स्कूलको दुईवटा विकल्प हुन्छ: 1) तपाईंलाई मूल्याङ्कनका लागि सहमतिमा हस्ताक्षर गर्न PTE-सहमति फारम दिने; अथवा 2) मूल्याङ्कन आवश्यक नपर्ने कारणहरू सहित एउटा लिखित सूचना दिने।[33] समयसीमा थप गर्न तपाईं सहमत हुन सक्नुहुन्छ।
- मूल्याङ्कन निःशुल्क हुन्छ। मूल्याङ्कनको कुनै पनि अंशको लागि तपाईंलाई पैसा तिर्न लगाउन सकिँदैन।[34]
- बच्चाको मातृभाषामा वा सबैभन्दा सही नतिजा आउन सक्ने कुनै भाषामा मूल्याङ्कन सम्पन्न गरिनुपर्छ। परीक्षणमा जातीय वा सांस्कृतिक पक्षपात नहोस् भनेर मूल्याङ्कन गर्दा बच्चाको सांस्कृतिक पृष्ठभूमिमाथि पनि विचार हुनुपर्दछ।[35]
- बच्चालाई असक्षमता छ छैन वा विशेष शिक्षाको आवश्यकता छ छैन भनेर कुनैपनि एउटै परीक्षणद्वारा निर्धारण गर्न सकँदैन।[36]

### यदि प्रारम्भिक मूल्याङ्कन गर्नु भन्दा पहिला नै मेरो बच्चा अर्को जिल्लामा गयो भने के हुन्छ?

उही समयसीमा लागू हुनेछ। यदि प्रारम्भिक मूल्याङ्कन गर्नु भन्दा पहिला नै बच्चा कुनै अर्को स्कूल जिल्लामा गएमा स्कूलले मूल्याङ्कन पूरा गर्न 60 दिन[37] भन्दा धेरै नपाउन सक्छ। [38]यद्यपि, यदि तपाईं सहमत भएमा साथै स्कूलले छिटो समाप्त गर्ने प्रयास गर्दैछ भने स्कूलले अतिरिक्त समय पाउन सक्छ। [39]जतिसक्दो चाँडो मूल्याङ्कन पूरा गर्न नयाँ र पुराना स्कूलले परीक्षणको समन्वय गर्नुपर्छ। [40]स्कूलहरूको माझमा तपाईंको बच्चाको विवरणहरू छिट्टै आदानप्रदान गरिनुपर्छ। कुनै कुनै स्थितिमा, नयाँ स्कूलले आफ्नै पेशेवर व्यक्तिहरूको प्रयोग गर्दै कुनै कुनै परीक्षणहरू दोहोर्याएर गर्नका लागि अतिरिक्त समयको माग गर्न सक्छ। मूल्याङ्कन पूरा गर्न समय बढाउनका लागि स्कूलले तपाईंको सहमति लिएको हुनु पर्छ।

## पुनः मूल्याङ्कन

### मेरो बच्चाको IEP तयार भएपछि, बच्चाको पुन: मूल्याङ्कन कहिले गर्नुपर्छ?

निम्न अपवाद बाहेक विशेष शिक्षा प्राप्त गर्ने प्रत्येक बच्चाको प्रत्येक तीन वर्षमा पुन: मूल्याङ्कन गरिनुपर्छ

| | |
|---|---|
| पुन: मूल्याङ्कन आवश्यक पर्दैन भनेर विद्यालय र अभिभावक लिखित रूपमा सहमत हुन्छन् | → पुन: मूल्याङ्कन पर्दैन |
| बच्चाको बौद्धिक असक्षमता छ | → पुन: मूल्याङ्कन न्यूनतम हरेक 2 वर्षमा हुनुपर्छ |
| बच्चालाई अब कुनैपनि असक्षमता नहुन सक्छ भन्ने विद्यालयको विश्वास छ | → बच्चाको IEP हटाउनु भन्दा पहिला नै पुन: मूल्याङ्कन गरिनु पर्छ |
| राम्रो प्रगति नभएको साथै आवश्यकताहरूमा हेरफेर भएको आधारमा अभिभावकले पुन: मूल्याङ्कनको अनुरोध गर्छन् | → पुन: मूल्याङ्कन तीन वर्षको पुन: मूल्याङ्कन भन्दा पहिला हुन सक्छ, तर वर्षमा एक पटक भन्दा बढी हुँदैन |


आफ्नो बच्चाको पुन: मूल्याङ्कन नगराउन सहमत ("छूट दिनु") हुनु भन्दा पहिला सतर्कतापूर्वक विचार गर्नुहोस्। बच्चाको जीवनमा तीन वर्ष (अथवा बौद्धिक असक्षमता भएको बच्चाको लागि दुई वर्ष) भनेको एउटा लामो समय हो। बच्चाको असक्षमतामा परिवर्तन नभएको भए पनि उनीहरूको आवश्यकता, ताकत, कमजोरी र व्यवहारमा भने परिवर्तन भएको हुन सक्छ। उक्त परिवर्तनहरूले गर्दा वर्तमान अवस्थाको जानकारी अनुसार बच्चाको IEP मा संशोधन गरिनुपर्छ भन्ने देखिन्छ।

यदि पास गरेर गएको वा उमेरको कारणले गर्दा अबदेखि उता बच्चा विशेष शिक्षाको लागि योग्य हुनेछैन भने पनि स्कूलले बच्चाको पुन: मूल्याङ्कन गराउनु पर्दैन। [41]पेन्सलभेनियामा, **विद्यार्थीको 22 औं जन्मदिन पुगेसम्म** उनीहरूले विशेष शिक्षा प्राप्त गर्न सक्छन्। [42] यति बेला, स्कूल डिस्ट्रिक्टले अझ विद्यार्थीलाई शैक्षिक उपलब्धि र प्रकार्यात्मक कार्यसम्पादनको लिखित सारांशका साथै बच्चाले उत्तर-माध्यामिक लक्ष्यहरू कसरी हासिल गर्न सक्छ भनेर सिफारिसहरू पनि दिनु पर्छ। [43]

यदि तपाईंको बच्चा कुनै कलेज वा प्राविधिक/व्यावसायिक अध्ययनमा जान चाहेमा, हालै गरिएको मूल्याङ्कनद्वारा तपाईंको बच्चाका लागि उत्तर माध्यामिक अध्ययनहरूमा चाहिने विशेष व्यवस्था तथा सेवाहरू (जस्तै, परीक्षामा अतिरिक्त समय) को पहिचान गर्ने "खण्ड 504 विशेष व्यवस्थाको योजना" का लागि आवश्यक जानकारी सङ्कलन गर्न मद्दत पुग्छ। यी कार्यक्रमहरूमा तपाईंको बच्चाको IEP को अधिकार लागू हुँदैन। खण्ड 504 को बारेमा थप जानकारी यहाँबाट पाउनुहोस्।

## पुनः मूल्याङ्कनमा के के निर्णय गरिनुपर्छ र कसरी?

धेरैवटा उद्देश्यले पुन: मूल्याङ्कन गराइन्छः




पुन: मूल्याङ्कन प्रक्रियाको सुरूमा IEP टोलीद्वारा बच्चाको बारेमा जानकारीको समीक्षा गरिन्छ। यस भित्र PSSA स्कोरहरू, रिपोर्ट कार्डहरू तथा प्रगति अनुगमन रिपोर्टहरू पर्न सक्छन्। टोलीले पुनः मूल्याङ्कनका लागि परीक्षण, अन्तर्वार्ता र कामका नमूनाहरू लगायतका कुन कुन थप जानकारीहरू  आवश्यक पर्छ त्यसको निर्णय गर्नुपर्छ र पुनः मूल्याङ्कनको पूर्व लिखित सूचना तथा सहमतिको अनुरोध फारम जारी गर्नेछ। [44] यदि तपाईंलाई आफ्नो बच्चामा नयाँ असक्षमता हुन सक्छ वा बढ्दैछ भन्ने चिन्ता लागेमा अथवा 14 वर्ष र बढी उमेरका बच्चाहरूको संक्रमण योजनाबारे जानकारीका लागी तपाईंले विशेष परीक्षणको अनुरोध गर्न सक्नुहुन्छ। P[45] यो जानकारी सङ्कलन गरि सकेपछि, टोलीले एउटा पुनः मूल्याङ्कन प्रतिवेदन तयार गर्नेछ।

पेन्सलभेनिया शिक्षा विभागबाट पुनः मूल्याङ्कन प्रतिवेदनको नमूनाका लागि यहाँ क्लिक गर्नुहोस्।

## यदि म मूल्याङ्कनबारे स्कूलसँग सहमत नभए के हुन्छ?

स्कूलले तपाईंलाई NOREP अर्थात् विशेष शिक्षाको लागि तपाईंको बच्चा योग्य हुन्छ वा हुँदैन भन्ने निर्णयको स्पष्टिकरण दिने लिखित सूचना दिनुपर्छ। [46] यदि स्कूलको परीक्षण र मूल्याङ्कनसँग तपाईं सहमत हुनुहुँदैन भने, तपाईंले **"स्वतन्त्र शैक्षिक मूल्याङ्कन" अथवा IEE** को लागि अनुरोध गर्न सक्नुहुन्छ। [47] यो मूल्याङ्कन स्कूलद्वारा नियुक्त नभएका कुनै प्रमाणित स्कूल मनोवैज्ञानिक जस्ता कुनै योग्य परीक्षकद्वारा गरिने मूल्याङ्कन हो। स्कूलद्वारा IEE को लागि भुक्तानका लागि तपाईंले **लिखित** अनुरोध गर्न सक्नुहुन्छ र त्यसपछि स्कूलले 1) IEE को लागि भुक्तान गर्नु पर्छ वा 2) आफ्नो मूल्याङ्कनको बचाउमा विशेष शिक्षा उचित प्रक्रिया सुनुवाइको लागि अनुरोध गर्नु पर्छ।[48] तपाईंले आफ्नै खर्चमा आफैँ IEE प्राप्त गर्न पनि सक्नुहुन्छ साथै यसमा भएको निष्कर्ष र सिफारिसहरूमाथि IEP टोलीले **विचार गर्नुपर्छ**।[49]

तपाईंले स्कूलको निर्णयको विभिन्न तरिकाले विरोध गर्न सक्नुहुन्छ: कुनै मध्यस्थताको लागि अनुरोध गरेर, विशेष शिक्षा ब्यूरोमा उजुर गरेर वा विशेष शिक्षा सुनुवाइको लागि अनुरोध गरेर। तपाईंले यी चरणहरूबारे थप जानकारी विशेष शिक्षामा असहमतिहरूको समाधान गर्ने सम्बन्धमा हाम्रो तथ्य पत्रमा पाउन सक्नुहुन्छ।

यदि बच्चा विशेष शिक्षा सेवाका लागि योग्य भएको पाइयो तर बच्चा योग्य छ भनेर स्कूलले ठीकसँग निर्धारण नगरेको कारणले ती सेवाहरू प्राप्त गर्न बच्चाले पर्खनु पर्यो भने, तपाईंको बच्चा सेवाबाट वञ्चित भएको अवधिको पूरताल गर्न सहायताका लागि क्षतिपूर्ति शिक्षा सेवाहरू (परिपूर्ति सेवाहरू) को अनुरोध गर्नुपर्छ।

## यदि अभिभावकको हैसियतमा निर्णयमा सहभागी हुन मलाई विशेष व्यवस्थाको आवश्यकता पर्छ भने के हुन्छ?

कानून अन्तर्गत असक्षमता भएका अभिभावक वा हेरचाहकर्ताहरूले पनि विशेष संरक्षणहरू पाएका हुन्छन्। अभिभावकहरूले आफ्नो बच्चाको लागि विशेष शिक्षा मूल्याङ्कन प्रक्रियामा वा बच्चाको शिक्षा सम्बन्धी अन्य बैठकहरूमा भाग लिएको बेला समेत स्कूलहरूले असक्षमता भएको व्यक्तिलाई भेदभाव गर्न सक्दैन।[50] असक्षमता भएको व्यक्ति भनेको "जीवनको एक वा बढी प्रमुख कार्यहरूलाई पर्याप्त सीमित गर्ने किसिमको शारीरिक वा मानसिक कमजोरी भएको व्यक्ति हो"।[51] असक्षमताका केही उदाहरणहरूमा यी कुराहरू समावेश छन्: क्यान्सर, मधुमेह, पोस्ट-ट्रमाटिक स्ट्रेस डिसअर्डर, बहिरोपन, ह्वीलचेयर वा छडीको प्रयोग गर्नुपर्ने गतिशीलता असक्षमता, प्रमुख डिप्रेसन डिसअर्डर, र मस्तिष्कको आघातपूर्ण चोट।[52]

असक्षमता भएको अभिभावकहरूले उनीहरूको बच्चाको लागि विशेष शिक्षा मूल्याङ्कन प्रक्रिया लगायतका बच्चाको शिक्षा सम्बन्धी निर्णयहरूमा भाग लिन सकुन् भनेर स्कूलहरूले उचित अनुसार परिमार्जन, विशेष व्यवस्था र सेवाहरू उपलब्ध गराउनुपर्छ।[53] जस्तै, कुनै कान नसुन्ने अभिभावकलाई उनीहरूको बच्चाको मूल्याङ्कन सम्बन्धी बैठकमा भाग लिन दोभाषेको खाँचो पर्न सक्छ, वा गतिशीलता असक्षमता भएका व्यक्तिका लागि स्कूलको सजिलै पुग्न सकिने तलामा बैठक गर्नु पर्ने हुन सक्छ। कुनै पढ्न कठिनाइ पर्ने अभिभावकलाई बच्चाको मूल्याङ्कन वा IEP बुझ्नको लागि विशेष व्यवस्थाको खाँचो पर्न सक्छ। कानून अनुसार स्कूलहरूले यी विशेष व्यवस्थाहरू उपलब्ध गराउन आवश्यक छ।

यदि आफ्नो बच्चाको मूल्याङ्कनमा सहभागी हुनलाई तपाईंलाई विशेष व्यवस्था, परिमार्जन वा कुनै आवश्यक भएमा, तपाईंले लिखित रूपमा (जस्तै इमेलद्वारा) अनुरोध गर्नुपर्छ। यसको लागि अनुरोध गर्नमा तपाईंको सहायताको लागि ELC ले स्व-वकालत टूल तयार गरेको छ। यो टूल, आमाबाबु/हेरचाहकर्ताहरूका लागि असक्षमता-सम्बन्धित विशेष व्यवस्थाको अनुरोध, मा चाहिएको बेला तपाईंले अनुरोध गर्न सक्नुहुने बारम्बार प्रयोग हुने विशेष व्यवस्था/परिमार्जन/सेवाहरूको उदाहरणहरू दिइएको छ। कुन प्रकारको विशेष व्यवस्था आवश्यक छ र किन भनेर तपाईंले खुलाउनु पर्छ। **यदि कुनै स्कूलले तपाईंले गरेको विशेष व्यवस्था वा सेवाको अनुरोधलाई अस्वीकार गरेमा र तपाईं सो निर्णयमा सहमत हुनुहुँदैन भने, विशेष शिक्षा प्रक्रियामा तपाईंलाई अभिभावकको सहभागिताको अधिकारबाट वञ्चित गर्ने स्कूलको निर्णयको विरोध गर्नको लागि केही कदमहरू चाल्न सकिन्छ।** विशेष शिक्षा असहमतिहरूको समाधान गर्ने सम्बन्धमा हाम्रो तथ्य पत्र हेर्नुहोस्।

---

फिलाडेल्फिया र पिट्सबर्गमा कार्यालय रहेको **शै**क्षिक कानून केन्द्र-**PA (ELC)** एउटा गैर-मुनाफा, कानूनी वकालतकर्ता संस्था हो, जो पेन्सलभेनियाका सम्पूर्ण बालबालिकाहरूले गुणस्तरीय सार्वजनिक शिक्षा प्राप्त गरून् भन्ने सुनिश्चित गर्न समर्पित रहेको छ। कानून प्रतिनिधित्व, प्रभावपूर्ण मुद्दा, सामुदायिक सहभागिता र नीति वकालतको माध्यमबाट, **ELC** ले विपन्न बालबालिका, अश्वैत बालबालिका, फोस्टर केयरमा र बाल न्याय प्रणालीमा रहेका बालबालिका, असक्षमता भएका बालबालिका, बहुभाषिक शिक्षार्थी, **LGBTQ** विद्यार्थीहरू र घरविहीन बनेका बालबालिकाहरू लगायत निम्न सुविधाभोगी बालबालिकाको अधिकारको लागि काम गर्छ।

ELC का प्रकाशनहरूमा कानूनको सामान्य कथन दिइएको छ। **य**द्यपि, सबै अवस्था फरक हुन्छ। **य**दि कुनै विशेष परिस्थितिमा कानून कसरी लागू हुन्छ भन्ने सम्बन्धमा प्रश्न उत्पन्न भयो भने, जानकारी र सुझावको लागि ELC को हेल्पलाईनमा सम्पर्क गर्नुहोस्— www.elc-pa.org/contact मा जानुहोस् अथवा 215-238-6970 (पूर्वी वा केन्द्रीय PA) वा 412-258-2120 (पश्चिमी PA) मा फोन गर्नुहोस् - वा आफूले चाहेको अर्को कुनै वकीलसँग सम्पर्क गर्नुहोस्।

---

[1] असक्षमता भएका बच्चाहरू विशेष शिक्षाका लागि 3 वर्षको उमेर देखि उनीहरू हाइ स्कूलबाट पास भएर जाने बेलासम्म वा **उनीहरूको 22 औं जन्मदिन सम्म योग्य रहन्छन्।** 34 CFR § 300.102(b); *हेर्नुहोस्* पेन्सभेलनिया शिक्षा विभाग, असक्षम व्यक्ति शिक्षा ऐन, भाग B: प्रक्रिया एवं कार्यविधि (संशोधन अगस्ट 30, 2023), https://www.education.pa.gov/Documents/IDEAB.pdf.

[2] हेर्नुहोस्, उदाहरणका लागि, मार्था जे. काउटिन्हो तथा अन्य, *Gender and Sociodemographic Factors and the Disproportionate Identification of Culturally and Linguistically Diverse Students with Emotional Disturbance*, 27 BEHAVIORAL DISORDERS 109, 121 (2002); पॉल मोर्गन तथा अन्य, *Minorities are Disproportionately Underrepresented in Special Education*: *Longitudinal Evidence Across Five Disability Conditions,* 44 शिक्षा अनुसन्धानकर्ता 278 (2015); याकूब हिबेल र अन्य, *Who is Placed in Special Education?*, 83 शिक्षा समाज 312 (2010); पल एल मोर्गन र अन्य, *Racial and Ethnic Disparities in ADHD Diagnosis from Kindergarten to Eighth Grade*, 132 बालचिकित्सा 85, 86 (2013) (एटेन्सन-डेफिसिट/हाइपरएक्टिभिटी डिसअर्डर (ADHD) को निदान गरिने सम्भावना श्वेत बालबालिकाको तुलनामा कालो बालबालिकामा दुई तिहाइ मात्र रहन्छ भन्ने निष्कर्ष)।

[3] अधिक-पहिचान भनेको असक्षमता नभएको अथवा असक्षमता भएको विद्यार्थीको रूपमा सेवाहरूको खाँचो नपर्ने विद्यार्थीहरूको अनुचित पहिचान हो। संयुक्त राज्य शिक्षा विभाग, DEAR COLLEAGUE LETTER: PREVENTING RACIAL DISCRIMINATION IN SPECIAL EDUCATION,(डिसेम्बर 12, 2016), https://www2.ed.gov/about/offices/list/ocr/letters/colleague-201612-racedisc-special-education.pdf.

[4] निम्न-पहिचान भनेको असक्षमता भएको र असक्षमता भएको विद्यार्थीको रूपमा सेवाहरूको खाँचो पर्ने विद्यार्थीहरूको अनुचित पहिचान हो। संयुक्त राज्य शिक्षा विभाग, DEAR COLLEAGUE LETTER: PREVENTING RACIAL DISCRIMINATION IN SPECIAL EDUCATION,(डिसेम्बर 12, 2016), https://www2.ed.gov/about/offices/list/ocr/letters/colleague-201612-racedisc-special-education.pdf.

[5] *हेर्नुहोस्, उदाहरणका लागि, ह्यानी मोर्गन, Misunderstood and mistreated: Students of color in special education,* 3 VOICES OF REFORM 71 (2020), https://www.voicesofreform.com/article/18595-misunderstood-and-mistreated-students-ofcolor-in-special-education

[6] *हेर्नुहोस्, उदाहरणका लागि, ग्लेन फ्लोरेस,* MD *र बालचिकित्सा अनुसन्धान समिति, Technical Report-Racial and Ethnic Disparities in the Health and Health Care of Children*, 125 PEDIATRICS 979, 982, 986, 987 (2010) (अश्वेत बच्चाहरूले बालचिकित्सा सेवामा कम पहुँच पाएको, स्वास्थ्य सेवा प्रदायकद्वारा विशेषज्ञकहाँ पठाइने सम्भावना कम रहेको, ADHD भएको निदान गरिने सम्भावना कम रहेको, र अटिजमको लागि ढिलो निदान गरिने बढ्दो सम्भावना रहेको निष्कर्ष)।

[7] *हेर्नुहोस्, उदाहरणका लागि,* Testimony of Matthew G. Kelly, Basic Education Funding Commission, सेप्टेम्बर 13, 2023, 2 मा ("2022-23 मा, पेन्सलभेनियाका सबै ब्ल्याक तथा ल्याटिड्स विद्यार्थीहरू मध्ये 43 प्रतिशत सबभन्दा विपन्न क्वेन्टाइल भएको कुनै डिस्ट्रिक्टमा भर्ना भएका थिए, जब कि सबभन्दा धनी क्वेन्टाइलमा 13 प्रतिशत मात्र थियो")।

[8] *हेर्नुहोस्, उदाहरणका लागि, याकूब हिबेल र अन्य, Who is Placed in Special Education?*, 83 SOC. OF EDUC. 315, 327 (2010) (अध्ययनद्वारा उच्च संख्यामा कालो र खैरो विद्यार्थीहरू भर्ना भएका विद्यालयहरूले सामान्यतया विशेष शिक्षामा विद्यार्थीहरूलाई राख्ने सम्भावना कम रहेको पनि देखियो)।

[9] *हेर्नुहोस्, उदाहरणका लागि,* NATIONAL RESEARCH COUNCIL, ACHIEVING HIGH EDUCATIONAL STANDARDS FOR ALL: CONFERENCE SUMMARY, 43-44 (2002) ("तेस्रो वा चौथो कक्षा नपुगेसम्म धेरैजना बालबालिकाहरूमा पढ्ने असक्षमता भएको पहिचान गरिएको हुँदैन। त्यस बेला सम्म, उनीहरू सामान्यतया पठन सीपमा निको ढिलो भइसकेका हुन्छन्, जसको फलस्वरूप अन्य विषयहरूमा पनि कठिनाइहरू आउँछ।")।

[10] *हेर्नुहोस्, उदाहरणका लागि, लोरा ए शिफ्टर तथा अन्य,* STUDENTS FROM LOW-INCOME FAMILIES AND SPECIAL EDUCATION (2019), https://tcf.org/content/report/students-low-income-families-special-education/; *ह्यानी मोर्गन, Misunderstood and mistreated: Students of color in special education, 3 Voices of Reform 71 (2020) पनि हेर्नुहोस्,* https://www.voicesofreform.com/article/18595-misunderstood-and-mistreated-students-ofcolor-in-special-education.

[11] 22 PA. CODE § 14.123(c).

[12] *Id.*

[13] 34 C.F.R. § 300.300(a)(1)(i).

[14] 22 PA. CODE § 14.123(c).

[15] 34 C.F.R. § 300.111; 22 Pa. Code § 14.121.

[16] 34 C.F.R. § 300.322.

[17] *Id.* § 300.300(a)(1)(iii).

[18] *Id.* § 300.300(a)(1)(i).

[19] *हेर्नुहोस्, उदाहरणका लागि, Maritime Academy Charter Sch.,* No. 24725-20-21 (SEA PA, मे 6, 2021) (IHO ले आदेश दिए अनुसार विद्यार्थी, अन्य विद्यार्थी र कर्मचारीहरूलाई जोखिममा पार्न सक्ने विद्यार्थीको मनोचिकित्सकीय निदान र उल्लेखनीय, असामान्य व्यवहारका कारण अभिभावकको सहमति नभएता पनि विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ)।

[20] 34 C.F.R. § 300.300(a)(3)(i).
[21] *Id.* § 300.300(a)(2)(iii); 237 PA. कोड § 1147.
[22] *Id.* § 300.300(b)(4)(ii).
[23] *Id.* § 300.503(b).
[24] 22 PA. कोड § 14.123(b) (याद राख्नुहोस् 60-दिन भित्र गर्मी यामको दिनहरू जोडिँदैन) ।
[25] याद राख्नुहोस् विशेष शिक्षा ब्युरोमा उजुर गर्ने यो मात्र आधार होइन।
[26] 34 C.F.R. § 300.153; *राज्यको उजुर प्रक्रिया पनि हेर्नुहोस्, विवाद समाधानको कार्यालय,* https://odr-pa.org/parent-resources/state-complaint-process *मा पनि हेर्नुहोस्।*
[27] *M.C.* बनाम सेन्ट रेगल स्कूल डिस्ट्रिक्ट, 81 F.3d 389, 391-92 (3d Cir. 1996) ("बालबालिका उ वन्चित रहेको अवधिको समान परिपूर्ति शिक्षाको हकदार रहने छ")।
[28] हेर्नुहोस् G.L. बनाम लिगोनियर उपत्यका स्कूल डिस्ट्रिक्ट निकाय, 802 F.3d 601, 625 (3d Cir. 2015) (*citing D.F. v. Collingswood Bd. of Educ.*, 694 F.3d 488, 498 (3d Cir. 2012)); *Reid ex rel.* पनि हेर्नुहोस् *Reid v. D.C.*, 401 F.3d 516, 518 (D.C. Cir. 2005) (परिपूर्ति शिक्षाको लक्ष्य "असक्षमता भएका बालबालिकाहरूलाई स्कूल जिल्लाद्वारा IDEA को उल्लङ्घन नभएको भए उनीहरू जुन स्थानमा हुन्थे सोही स्थानमा राख्नु हो")।
[29] 34 C.F.R. § 300.8.
[30] *Id.* § 300.306(b)(1).
[31]संयुक्त राज्य शिक्षा विभाग, विशेष शिक्षा एवं पुनरस्थापना सेवा कार्यालयद्वारा राज्य विशेष शिक्षा निर्देशकलाई पत्र (नोभेम्बर 10, 2022), https://sites.ed.gov/idea/files/Letter-to-State-Directors-of-Special-Education-on-Ensuring-a-High-Quality-Education-for-Highly-Mobile-Children-11-10-2022.pdf.
[32] *Id.*
[33] 22 PA. CODE § 14.123(c).
[34] 34 C.F.R. § 300.17.
[35] *Id.* § 300.304(c)(1)(i).
[36] *Id.* § 300.304(b)(2).
[37] 22 PA. कोड § 14.123(b) (याद राख्नुहोस् 60-दिन भित्र गर्मी यामको दिनहरू जोडिँदैन)।
[38] 34 C.F.R. § 300.301(d)(2).
[39] *Id.* § 300.301(e).
[40] *Id.* § 300.323(g)(2).
[41] *Id.* § 300.305(e)(2).
[42] 20 U.S.C. § 1412(a)(l)(A); 34 C.F.R. § 300.102(a)(3); यो पनि हेर्नुहोस् *IDEA B FAQ: Responses to Policy Revision to Age of Eligibility,* पेन्सलभेनिया शिक्षा विभाग, https://www.education.pa.gov/Pages/IDEABFAQ.aspx.
[43] 34 C.F.R. § 300.305(e)(3) मा।
[44] *Id.* § 300.305(a)(2).
[45] *Id.* § 300.43.
[46] *Id.* § 300.503(b).
[47] *Id.* § 300.502.
[48] *Id.* § 300.502(b).
[49] *Id.* § 300.502(c).
[50] 43 U.S.C. § § 12131-32.
[51] *Id.*
[52]*असक्षमता भएका अमेरिकी एनको परिचय,* संयुक्त राज्य न्याय विभाग https://www.ada.gov/topics/intro-to-ada/.
[53] 43 U.S.C. §§ 12131-32.